नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय मानवस्रोत एवं प्रशासन विभाग
( भण्डार शाखा )
नक्साल काठमाण्डौ

# लिलाम बिक्री सम्बन्धी वोलपत्र आव्हानको पुन प्रकाशित सूचना

(मिति २०७५/१२/०६ गते बुधबार)

यस कार्यालयको सूचना नं.०१/२०७५/०७६ मिति २०७५।१०।२१ गते राष्ट्रिय दैनिक पत्रिका गोरखापत्रमा प्रकाशित भएको सूचनाको लट नं.१ मा उल्लेखित सवारी साधन तथा अन्य जिन्सी सामानहरुको लिलाम वोलपत्र सम्बन्धी सर्वसाधारणको जानकारीको लागी यो ७ ( सात ) दिने सूचना प्रकाशित गरिएको छ।

## शर्तहरू

१. बोलपत्र फारम रू.२,०००।- (दुई हजार) मा खरिद गरी ( फिर्ता नहुने गरी ) सूचना प्रकाशित भएको मिति २०७५।१२।०६ गते देखि ७ औ दिन कार्यालय समय भित्र प्रहरी प्रधान कार्यालय भण्डार शाखा नक्सालबाट खरिद गर्न सकिने छ।

२. लिलाममा भाग लिन ईच्छुक ब्यक्ति भए स्वयमले प्रमाणित गरेको नेपाली नागरिकताको प्रतिलिपी र फर्म संस्था वा कम्पनी भएमा ईजाजत प्राप्त पत्रको प्रमाणित प्रतिलिपी समेत राखी सूचना प्रकाशित भएको मिति देखि ८ औ दिन अर्थात मिति २०७५।१२।१३ गते बुधबार दिनको १२.०० बजेभित्र यस शाखामा बोलपत्र दर्ता गराई सक्नु पर्ने छ।

३. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलीपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुने छ।

४. दर्ता भएका बोलपत्रहरू सोही दिन अर्थात २०७५/१२/१३ **गते बुधबार दिनको १४.००** बजे सरकारी प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रहरी प्रधान कार्यालय सवारी महाशाखामा खोलिने छ। कुनै बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

५. बोलपत्रसाथ आफुले कबोल गर्ने मूल्यको १०% (दश प्रतिशत) नघटाई प्रहरी प्रधान कार्यालय लेखा शाखा नक्सालको कार्यालय कोड नं. २७-३१४-३१ मा राष्ट्रिय बाणिज्य बैक ठमेलमा रहेको धरौटी खाता नं.११००२०३ मा नगद रकम जम्मा गरी सो को सक्कलै भौचर वा ईजाजत प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैक जमानत पेश गर्नु पर्ने छ।

६. लिलाम हुने सवारी साधन लगायत अन्य जिन्सी माल सामानहरू हेर्न चाहने ब्यक्ति फर्म संस्था वा कम्पनीहरूले सूचना प्रकाशित भएको मिति देखि सार्वजनिक बिदाको दिन बाहेक कार्यालय समय भित्र प्रहरी प्रधान कार्यालय सवारी महाशाखाको सामाखुशी स्थित कार्यालयमा सम्पर्क गरी हेर्न सक्नु हुनेछ।

७. लिलाम सकार गर्ने व्यक्ति फर्म संस्था वा कम्पनीहरूले सकार गरेका सवारी साधन र अन्य जिन्सी माल सामानहरू सकार गरेको मितिले ७ (सात) दिन भित्र नियमानुसार लाग्ने कर दस्तुर समेत सम्पूर्ण कबोल रकम दाखिला गरी सकार गरेको माल सामान पूर्ण रुपमा उठाई सक्नु पर्ने छ। अन्यथा बोलपत्र रद्ध गरी धरौटी रकम जफत गरी उक्त ब्यक्ति फर्म संस्था वा कम्पनीहरूलाई कालो सुचीमा राख्नको लागि सिफारिस गरिनेछ र क्रमश योग्य व्यक्ति फर्म संस्था वा कम्पनीलाई दिईने छ।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित कार्यालयमा सुरक्षित रहने छ।

९. बिस्तृत जानकारीको लागी प्रहरी प्रधान कार्यालय सवारी महाशाखाको फोन नं.०१-४४११४७८ र प्रहरी प्रधान कार्यालय भण्डार शाखा नक्सालको फोन नं.०१-४४२९९७० मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ। साथै प्रहरी प्रधान कार्यालयको **Website :- www.nepalpolice.gov.np** मा समेत हेर्न सकिने छ।

| सि.नं. | विवरण | मोडेल नं. | न्यूनतम मूल्य | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बा.१झ ८४१ महेन्द्र बलेरो जिप | Slx4WD 2007 | २४३०००.०० | १३,१०,४६०.०० (तेह्र लाख दश हजार चार सय साठी मात्र) | [illegible] |
| २ | ना.१झ ९१३ टाटा डवल पिकअप | Double Cab 2007 | २१८०००.०० | | |
| ३ | बा.१ग १७६६ आईचर लाईट पिकअप | EICHER 10.70 | ३६२०००.०० | | |
| ४ | बा.१ब ४६६२ सुजुकी GSX750 | GSX750p 1999 | ५५०००.०० | | |
| ५ | बा१ ब ४६६३ सुजुकी GSX750 | GSX750P 1999 | ५६०००.०० | | |
| ६ | बा १. ब ४६६४ सुजुकी GSX750 | GSX750 P 1999 | ५६०००.०० | | |
| ७ | बा.१. ब ४६६९ सुजुकी GSX750 | GSX750 P 1999 | ५६०००.०० | | |
| ८ | बा.१ब ४६३२ सुजुकी GSX750 | GSX750P1999 | ५६०००.०० | | |
| ९ | बा.१ब ७३२९ टि.भि.एस.स्टार सिटी | 2006 | ५६०००.०० | | |
| १० | बा १.ब ७३३० टि.भि.एस.स्टार सिटी | 2006 | ६८००.०० | | |
| ११ | बा १.ब ७३८९ टि.भि.एस.स्टार सिटी | 2006 | ६६००.०० | | |
| १२ | प्रबन्ध निर्देशनालय | स्टिल दराज,कुर्सी लगायत बिभिन्न सामानहरु | ६७००.०० | | |
| १३ | जनसम्पर्क शाखा | कम्प्यूटर,प्रिन्टर लगायत बिभिन्न सामानहरु | ५१०९०.०० | | |
| १४ | सूचना प्रबिधि निर्देशनालय | sarber,computer,ups लगायतकाबिभिन्न सामानहरु | ४७७०.०० | | |
| १५ | के.प्र.बि. कार्यदल | पानी ताने मेशीन कम्युटर लगायतका सामानहरु | २०२६०.०० | | |
| | | | ११२२४०.०० | | |